**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः ०२ सितम्बर २०२६**

समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले मानिसहरुसित स्वदेशी वस्तुहरू अपनाउने, अनावश्यक रूपमा सुन खरिद नगर्ने अनि विदेशमा विवाह गर्नबाट बच्ने आह्वान गर्नुभएको छ।

- सरकारले वर्ष 2024 को लागि तेनजिंग नोर्गे राष्ट्रीय साहसिक पुरस्कारहरुको घोषणा गरेको छ ।

- दुर्गापूजा भन्दा पुर्व उत्तर बंगालको चिया बगानहरुमा बोनसलाई लिएर एक पल्ट फेरी तनाव बढ़न थालेको छ ।

- दार्जिलिंग रेलवे स्टेशनमा आज बिहान एक दुर्घटनामा टॉय ट्रेन लोको शेडको छत अचानक झर्दा सात जना रेलकर्मी घाइते भएका छन् ।

- मौसम विभागका अनुसार राज्यका केही भागहरूमा बादल लाग्नको साथै वर्षाको क्रम जारी रहने सम्भावना रहेको छ।

## प्रधानमंत्री स्वदेशी

प्रधानमन्त्री नरेन्द्र मोदीले फेरि एक पटक मानिसहरुलाई स्वदेशी वस्तुहरू अपनाउन, अनावश्यक रूपमा सुन खरिद नगर्न र विदेशमा विवाह गर्नबाट बाँच्न आह्वान गर्नुभएको छ।एक भिडियो सन्देशमा, श्री मोदीले भन्नुभयो देशका युवाहरूले आज जुन कडा परिश्रम गरिरहेका छन यसले उनीहरूको सपना साकार हुनेछ।

**बाइट** - पीएम अन स्वदेशी

श्री मोदीले भन्न भयो विश्वव्यापी अनिश्चितता, युद्ध, संकट र आपूर्ति शृङ्खलामा बाधा भएता पनि भारतले तीव्र गतिमा प्रगति गरिरहेको छ। प्रधानमन्त्रीले आफ्नो सन्देशमा, आत्मनिर्भरतालाई बढ़ावा दिन तथा स्वदेशी उत्पादहरूको प्रयोगमा बढी जोड दिने आवश्यकतामा बल दिनुभयो।

**बाइट- पीएम ऑन आत्मनिर्भर भारत**

## राष्ट्रपति-तेनजिंग नोर्गे पुरस्कार

सरकारले वर्ष 2024 को लागि तेनजिंग नोर्गे राष्ट्रीय साहसिक पुरस्कारहरुको घोषणा गरेको छ । यस पुरस्कारले साहसिक क्षेत्रमा उत्कृष्ट उपलब्धि प्राप्त गर्ने व्यक्तिहरुलाई मान्यता दिंदछ अनि चुनौतीपूर्ण

परिस्थितिहरुमा सहनशक्ति, खतरा लिने क्षमता, टीम वर्क अनि त्वरित तथा प्रभावी निर्णय लिने क्षमतालाई प्रोत्साहन दिंदछ। यो पुरस्कार चार श्रेणिहरु - स्थलीय साहसिक कार्य, जल साहसिक कार्य, वायु साहसिक कार्य अनि आजीवन उपलब्धिको क्षेत्रमा दिने गरिन्छ। प्रत्येक पुरस्कार विजेतालाई एक प्रतिमा, एक प्रमाण पत्र अनि 15 लाख रुपियाँको पुरस्कार राशि प्रदान गरिन्छ। लैंड एडवेंचर श्रेणीमा बलजीत कौर अनि स्काल्ज़ांग रिग्ज़िन, वाटर एडवेंचर श्रेणीमा रिमो साहा अनि लाइफ टाइम अचीवमेंट श्रेणीमा शिव प्रसाद चमोलीलाई पुरस्कार द्वारा सम्मानित गरिने घोषणा गरिएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रीय खेल पुरस्कार 2025 सितै यो पुरस्कार प्रदान गर्नुहुनेछ। पुरस्कार समारोहको तिथि बारे घोषणा पछि गरिनेछ।

## नेपाल-भारत राहत कार्य

भारतको पांचऔ विमान आज राहत अनि बचाव सामग्री लिएर नेपाल पुग्यो। विमानमा 11 सदस्यहरुको एक बचाव दल तथा बिशेष उपकरणहरु अनि 5 टन भन्दा अधिक आवश्यक औसधीहरु रहेको छ। भारतले नेपालमा चलिरहेको बचाव अनि राहत कार्यमा सकेसम्म सहयोग गरिरहेको छ। नेपालमा भारतका राजदूतले सोशल मीडिया पोस्ट मार्फत यो जानकारी दिनुभएको हो। नेपालमा विनाशकारी बाढीबाट मृत्यु हुनेहरुको संख्या 11 सय भन्दा अधिक पुगेको छ। नेपालको राष्ट्रिय आपदा जोखिम न्यूनीकरण तथा प्रबंधन प्राधिकरण अनुसार हालसम्म एक हजार 114 शव फेला पारिएको छ। अधिकारीहरूले बताए अनुसार अहिलेसम्म 95 मृतकहरूको शव चिन्हित गरी उनीहरूका परिवारलाई हस्तान्तरण गरिएको छ। लगभग चार हजार मानिसहरू अझै पनि बेपत्ता छन्।

## चिया बगान (बोनस)

दुर्गापूजा भन्दा पुर्व उत्तर बंगालको चिया बगानहरुमा बोनसलाई लिएर एक पल्ट फेरी तनाव बढ़न थालेको छ। चिया बागान मालिकहरुको संयुक्त मंच कंसल्टेटिव कमेटी ऑफ प्लांटर्स एसोसिएशन (सीसीपीए) को आह्वानमा आगामी 11 सितंबरको दिन द्विपक्षीय बैठक हुनेछ। त्येस दिन सबै मान्यता प्राप्त श्रमिक संगठनका प्रतिनिधिहरुसित मालिक पक्षले ऑनलाइन बैठक गर्नेछन्। बैठकको घोषणा हुनसाथै डुआर्स अनि तराईको चिया बागानहरुमा बोनसलाई लिएर हलचल तिब्र बनेको छ। श्रमिक संगठन यस पल्ट पनि बातचीतको माध्यम द्वारा एकमुस्ठ 20 प्रतिशत बोनसको मांगमा अडिक रहेको छ। गत वर्ष द्विपक्षीय बातचीतको प्रक्रियाको सट्टा राज्य सरकारको तर्फ बाट 20 प्रतिशत बोनसलाई लिएर एकतर्फा एडवाइजरी जारी गरिए पछि पहाड़ अनि डुआर्सको कतिपई चिया बागानहरुमा विवादको स्थिति उत्पन्न भएको थियो। दुर्गापूजा भन्दा पुर्व बोनसबारे शुरू भएको यो मामला अब 11 सितंबरमा हुने बैठक माथि अडिएको छ। 20 प्रतिशत बोनसको मांग माथि श्रमिक संगठनहरुको कडा अडान अनि मालिक पक्षसित बातचीतको रणनीति बीच यस बैठकलाई धेरै महत्वपूर्ण मानिंदैछ।

## टॉय ट्रेन - लोको शेड

दार्जिलिंग रेलवे स्टेशनमा आज बिहान एक दुर्घटनामा दार्जिलिंग हिमालयन रेलवे (डीएचआर) को टॉय ट्रेन लोको शेडको काठले बनेको छत अचानक झर्दा सात जना रेलकर्मी घाइते भएका छन्। प्राप्त जानकारी अनुसार, दुर्घटनाको समय लोको शेडमा धेरै कर्मचारी आफ्नो काममा व्यस्त थिए। त्यसै अवधि अचानक शेडको छत झार्न थाल्यो। दुर्घटनामा सात कर्मचारी घाइते भएका छन्। केही कर्मचारिहरुलाई अपेक्षाकृत कम्ती चोट लागेको छ , जबकि घाइते भएकाहरु सबैलाई उपचारको लागि अस्पताल पुर्याईयो। घटनापछि रेलवे कर्मचारिहरुले तत्काल राहत अनि बचाव कार्य शुरू गरे। झरेको काठहरु हटाएर घाइतेहरुलाई बाहिर निकालियो अनि अस्पताल पुर्याईयो। घटनाबारे सूचना पाउनसाथै

रेलवे अधिकारिहरुले घटनास्थलको निरीक्षण गरे। लोको शेडको छत कसरी झर्यो ?यसको पछि कुनै तकनीकी वा संरचनात्मक कमि त थिएन ? अधिकारिहरुले एस बारे जांच शुरू गरेका छन्।

## खाद्य सुरक्षा – नोटिस

सिलगडी शहरमा खाद्य पर्दार्थहरुको गुणवत्ता अनि सुरक्षा सुनिश्चित गर्न प्रशासनले आज पनि विशेष अभियान चलायो। मत्तीगडा स्थित एउटा ठुलो शॉपिंग मॉलमा पुलिस कमिश्नर, दार्जिलिंगका जिलाधिकारी, एसडीओ अनि खाद्य सुरक्षा विभागका अधिकारिहरुले आठ वटा रेस्टोरेंटहरु , पब अनि बारको निरीक्षण गरे। अधिकारिहरुले खानाको गुणवत्ता, खाद्य सामग्री, साफ-सफाई, भंडारण व्यवस्था अनि आवश्यक दस्तावेजहरुको जांच गरे। जांचको अवधि दुई वटा प्रतिष्ठानहरुलाई नोटिस जारी गरिएको छ। जिलाधिकारी हरिशंकर पानीकरले भन्नुभयो – नियमहरुमा लापरवाही गरेको भेट्टाईए कडा कार्रवाही गरिनेछ। पुलिस कमिश्नर सैयद वकार रजाले भन्नुभएको छ कि आम मानिसहरुलाई सुरक्षित भोजन उपलब्ध गराउनु प्रशासनको प्राथमिकता हो। उहाले मानिसहरुसित खाद्य गुणवत्ता सम्बन्धि कुनै पनि शिकायतबारे सूचना पुलिसलाई दिने अपील गर्नुभएको छ।

## अवैध पार्किङ्ग - ट्राफिक पुलिस

सिलगढ़ी शहरको हिल कार्ट रोडमा फुटपाथलाई अतिक्रमण मुक्त बनाउनको लागि आज पानीट्याङ्की ट्राफिक गार्डद्वारा विशेष अभियान सञ्चालन गरियो। अभियानको क्रममा फुटपाथमा पसल राखेर व्यापार गर्ने केही पसलेहरूलाई चेताउनी दिइयो साथै फुटपाथ र सड़कमा राखिएका सामानहरूलाई हटाइयो। ट्राफिक पुलिसले अवैध रूपमा पार्क गरिएका वाहनहरू विरूद्ध पनि कार्यवाही गर्दै जरीमाना लगायो। जाँचमा केही वाहन चालकहरूले निर्धारित पार्किङ्क स्थललाई प्रयोग गर्नको सट्टा पसलहरू अगाड़ि फुटपाथमा वाहन राखिएको पाइयो जसको कारण पैदल हिंड्ने मानिसहरूलाई धेरै समस्या भइरहेको थियो।
पुलिसका अनुसार शहरमा यातायात व्यवस्थालाई सुचारू राख्न अनि फुटपाथलाई अतिक्रमण मुक्त राख्नको लागि भविष्मा पनि यस्तै प्रकारको अभियान निरन्तर जारी रहनेछ।

## जलपाईगडी(दुर्घटना)

सिलगढ़ी-जलपाईगुड़ी राष्ट्रिय राजमार्गमा आज भएको सड़क दुर्घटनामा तीन जना मानिसहरू घाइते भएका छन्। दशदरङ्गाको छेउमा घोषपाड़ा लाल स्कूल क्षेत्रमा एउटा निजी बस र सानो यात्री वाहक वाहन आपस्तमा ठोक्किंदा सानो वाहन उछिटिएर सड़कदेखि टाड़ा पुगेर झऱ्यो जसले गर्दा वाहन पूर्ण रूपमा क्षतिग्रस्त भयो।प्राप्त जानकारी अनुसार बस सिलगढ़ीदेखि अलिपुरद्वार तर्फ गइरहेको थियो। यस दुर्घटनामा सानो वाहनमा सवार तीन जना मानिसहरू घाइते भए। स्थानीय मानिहरूको सहयोगमा घाइतेहरूलाई वाहनबाट बाहिर निकालियो अनि उपचारको निम्ति फूलबाड़ीको एक निजी अस्पतालमा भर्ती गरियो। घटनाको सूचना पाउन साथै जलपाईगडी थानाको पुलिस घटनास्थलमा पुगे पछि पुलिसले दुर्घटनाग्रस्त दुवै वाहनहरूलाई कब्जामा लिएर मामिलाको जाँचमा जुटेको छ।

## मौसम

गाङ्गेय पश्चिम बङ्गाल एवं संलग्न तटीय क्षेत्रहरू माथि विकसित कम दबावको प्रभावले आज पनि राज्यमा वर्षाको प्रभाव येथावत रह्यो। मौसम विभागका अनुसार यो मौसमी तन्त्र पश्चिम-उत्तर-पश्चिम दिशा तर्फ बढ़िरहेको छ जसको कारण राज्यका केही भागहरूमा बादल लाग्नको साथै वर्षाको क्रम जारी रहने सम्भावना छ। उत्तर बङ्गालको

निम्न -हिमालय जिल्लाहरू क्रमैले दार्जीलिङ, कालेबुङ, जलपाईगडी , अलिपुरद्वार अनि कुचबिहारमा मौसम विभागले भारी
वर्षा, गर्जनसितै बिजुली चम्किने तथा तीव्र हावा चल्ने चेताउनी जारी गरेको छ। पहाड़ी क्षेत्रहरूमा पैह्रो जाने र समतलमा पानी जमिने स्थितिलाई ध्यानमा राखेर स्थानीय प्रशासनलाई सतर्क रहने निर्देश दिइएको छ।

****** ० ******